# नेरुडे लघुवित्त बिकास बैंक लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रीय स्तरको वित्तिय संस्था)

**केन्द्रीय कार्यालय, बिराटनगर-१४**

## एघारौं वार्षिक साधारणसभा सम्बन्धि सूचना

**श्री शेयरधनी महानुभावहरु,**

यस बैंकको संचालक समितिको मिति २०७४/०८/२६ गतेको २०२ औं बैठकको निर्णय अनुसार यस बैंकको एघारौं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि अनुरोध छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०७४/०९/२९ गते शनिवार (तदनुसार 13 January, 2018)

समय : बिहान ११:०० बजे ।

स्थान : उद्योग संगठन मोरङ्गको सभाहल, विराटनगर-२ ।

**छलफलका विषयहरु :-**

**आगामी एघारौं वार्षिक साधारणसभामा पेश हुने प्रस्तावहरु :**

**(क) साधारण प्रस्तावहरु :-**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट आ.व. २०७३/०७४ को वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा पारीत गर्ने सम्बन्धमा ।

(२) आ.व.२०७३/०७४ को लेखापरीक्षण प्रतिवेदन तथा आ.व. २०७३/०७४ को नाफानोक्सान हिसाब, नगद प्रवाह एवम् २०७४ आषाढ मसान्तको वासलात समेतको वित्तीय विवरण स्वीकृत गर्ने सम्बन्धमा ।

(३) बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस बैंकको आ.ब. २०७४/०७५ को लेखापरीक्षण कार्यको लागी सोहि ऐनको दफा १६५(घ) बमोजिम लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारीश्रमिक निर्धारण गर्ने सम्बन्धमा (वर्तमान लेखापरीक्षक श्री ए.के श्रेष्ठ एण्ड कम्पनी चार्टरएकाउण्टेन्ट्स् सि.ए. ए.के. श्रेष्ठले यस बैंकको गत एक आ.ब.को लेखापरीक्षण गर्नुभएको हुँदा कम्पनी ऐन, २०६३ को दफा १११(३) बमोजिम निज पूनः नियुक्तिको लागी योग्य हुनुहुन्छ )

(४) संचालक समितिबाट सिफारिस भएबमोजिम २०७४ आषाढ मशान्तको चुक्ता पूँजी ३०,६०,००,०००। (तिस करोड साठी लाख) को ७.६८ प्रतिशतले हुन आउने रु. २३,५१३,६८४।२१ (दुई करोड पैतिस लाख तेह्र हजार छ सय चौरासी पैसा एक्काइस मात्र) नगद लाभांश (वोनश शेयरको कर सहित) वितरण गर्ने सिफारिस माथी छलफल गरि पारित गर्ने सम्बन्धमा ।

(५) सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने २ जना संचालकहरुको निर्वाचन सम्बन्धमा ।

(६) विविध ।

**(ख) विशेष प्रस्तावहरु :**

(१) बैंकको अधिकृत पूँजी रु. ४० करोडबाट बृद्धि गरि रु. ६० करोड पुर्‍याउने सम्बन्धमा ।

(२) प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।

(३) संचालक समितिबाट सिफारिस भए बमोजिम बैंकको चुक्ता पूँजीको १३ प्रतिशतले हुने रकम ३९,७८०,०००। (तीन करोड सन्तानब्बे लाख असि हजार मात्र)बोनस शेयर वितरण गर्ने सम्बन्धमा ।

(४) बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट सामान्य फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सो मा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागी संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

**(ग) वार्षिक साधारणसभा सम्बन्धी अन्य कुराहरु :**

(१) यस बार्षिक साधारणसभा प्रयोजनको लागि बैंकको शेयरधनी दर्ता पुस्तिका तथा साधारण शेयर दाखिल खारेजको कार्य मिति २०७४/०९/०९ गते देखि २०७४/०९/२९ गते सम्म बन्द रहने छ । सो मिति भन्दा अघि अर्थात मिति २०७४/०९/०६ गते सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयर कारोवार भई मिति २०७४/०९/१७ गते भित्र यस बैंकको शेयर रजिष्ट्रार सनराइज क्यापिटल लिमिटेड कमलपोखरी काठमाण्डौबाट शेयर नामसारीको लिखतको आधारमा शेयरधनी किताबमा दर्ता कायम शेयरधनीहरुले सो सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नुहुनेछ ।

(२) साधारणसभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले आफ्नो शेयर प्रमाणपत्र वा परिचय खुल्ने कुनै प्रमाणपत्र अनिवार्य रुपमा साथमा लिई आइदिनुहुन अनुरोध छ । संगठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा संगठित संस्थाको आधिकारीक पत्र अनिवार्य पेश गर्नुपर्नेछ ।

(३) शेयरधनी दर्ता पुस्तिका बन्द भएको मितिमा कायम शेयरधनी महानुभावहरुको ठेगानामा हुलाक/कुरियरबाट पठाइने एघारौं बार्षिक साधारणसभाको प्रतिवेदनहरु यस बैंकको वेबसाइट WWW.nerude.org.np मा पनि हेर्न सकिनेछ । कारणवस उपरोक्त सूचना तथा प्रतिवेदन प्राप्त नगर्नुहुने शेयरधनी महानुभावहरुले यसै सूचनालाई आधार मानी आफ्नो कुनै एक सक्कल शेयर प्रमाणपत्र साथमा लिई सभामा भाग लिन आउनहुन अनुरोध गरिन्छ ।

(४) नावालक शेयरधनीहरुको तर्फबाट संरक्षक (शेयरधनीको दर्ता किताबमा उल्लेखित) ले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्ति गर्न र मत दिन समेत सक्नेछन ।

(५) साधारणसभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीमहानुभावहरुले तोकिएको ढाँचाको (यस बैंकको केन्द्रीय कार्यालयमा उपलब्ध गराइने) फारम भरि यस बैंकका शेयरधनीहरुलाई प्रतिनिधि(प्रोक्सी) नियुक्त गर्न सक्नेछन । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको निवेदन मिति २०७४/०९/२७ गते विहानको १०:०० बजे (अर्थात सभा शुरु हुन भन्दा ४८ घण्टा अगावै) बैंकको केन्द्रीय कार्यालय विराटनगरमा दर्ता गराई सक्नुपर्नेछ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि पनि आफैं साधारणसभामा भाग लिन चाहेमा लिखित सूचना साधारणसभा शुरु हुनुभन्दा अगाडि दर्ता गराई प्रतिनिधिको नियुक्ति बदर गर्न सकिनेछ । तर एक जना शेयरधनीले एक जनाभन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्ति गरेमा सबैनियुक्ति बदरहुनेछ ।

(६) शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछन ।

(७) कुनै शेयरधनी महानुभावहरुलाई बैंक सम्बन्धमा केहि जिज्ञासा भए त्यस्तो ब्यहोरा लिखित रुपमा सभा हुन भन्दा कम्तिमा ७ दिन अगावै बैंकको केन्द्रीय कार्यालयमा पठाउनहुन अनुरोध गर्दछौं । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

(८) सर्वसाधारण शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने २ जना संचालकहरुको निर्वाचन सम्बन्धि कार्यक्रम साधारणसभा हुने दिनको ७ दिन अगाडी नै निर्वाचन समितिले यस बैंकको केन्द्रीय कार्यालयमा प्रकाशन गर्नेछ । सो कार्यक्रम बमोजिम निर्वाचनको कार्य संचालन हुनेछ । निर्वाचन सम्बन्धि जानकारि लिनुपरेमा निर्वाचन समितिसंग सम्पर्क राख्नुपर्नेछ । संचालकको उम्मेदवार हुन चाहनेले कम्तिमा १०० कित्ता शेयर लिएको हुनुपर्नेछ । यस बैंकको संचालक निर्वाचन निर्देशिका लिन चाहेमा तोकिएको शुल्क तिरी बैंकको केन्द्रीय कार्यालयबाट लिन सकिनेछ । उम्मेदवार हुन शेयरधनी आफै उपस्थित हुनुपर्नेछ ।

(९) सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा रहेको उपस्थिति पुस्तिकामा दस्तखत गर्नुपर्ने छ । शेयरधनी उपस्थिति पुस्तिका सभा हुने दिन बिहान ९:०० बजे देखि खुल्ला रहनेछ ।

(घ) अन्य विस्तृत जानकारीका लागी बैंकको केन्द्रीय कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध छ ।

(ङ) अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछन ।

(च) सम्पर्कका लागिः फोन नं.०२१-५२४५६०/४४०१७८ फयाक्स नं.०२१-५३१०८७(कार्यालय समय), ९८५२०२७९३२, ९८४२२४२४९० (कार्यालय समय बाहेक) ।

(छ) e-mail: nerude@wlink.com.np

(ज) Website: www.nerude.org.np

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव